स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

योजना, प्रशिक्षण तथा बजारीकरण महाशाखा

पत्र संख्या :-
च. नं :- 622

मिति: २०८१।१२।३१

श्री चामे गाउँपालिका, श्री नार्पा भूमि गाउँपालिका, श्री नासोँ गाउँपालिका , श्री मनाङ डिस्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मनाङ ।

विषय: सहभागीता सम्बन्धमा ।

उपर्युक्त विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको संयुक्त आयोजनामा प्रतिष्ठानको वार्षिक स्वीकृत कार्यक्रम अनुसार **स्थानीय तहको लागि वातावरणीय प्रभाव मूल्यांकन सम्वन्धी पाठ्यक्रम विकास तथा प्रशिक्षण** कार्यक्रम निम्न मिति, समय र स्थानमा सञ्चालन गरिने भएकोले तहाँ स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु (योजना तथा बजेट, लेखा, राजस्व, वन, वातावरणका फोकल पर्सन, इन्जिनियर (४ जना)) गरि एक स्थानीय तहबाट कम्तिमा ५ (पाँच) जना कर्मचारी र एक जना वन,वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक(वडाध्यक्ष) समेत उक्त प्रशिक्षण कार्यक्रममा सहभागी गराई दिन हुन अनुरोध छ ।

तपशिल

मिति: २०८२।०१।०७ र ०८ गते
समय: विहान ९:०० वजेदेखि
स्थान: होटल ४ सिजन प्रा.लि., चामे, मनाङ
पुनश्य: तालिम अवधिभर सबै सहभागीहरुका लागि आवास तथा खानाको व्यवस्था गरिएको छ । दैभ्रभ तथा यातायात खर्च आफ्नै कार्यालयबाट व्यवस्था गर्नुपर्नेछ ।
सम्पर्क: श्री टापेन्द्र प्रसाद रिजाल, प्रशिक्षण तथा अनुसन्धान अधिकृत ९८५६०६१५७९
श्री लिल बहादुर गुरूङ, प्रशासन सहायक चामे गाँउपालिका मनाङ ९८५६०४९२७८

कानुन लाल चौधरी
कार्यकारी निर्देशक

बोधार्थ
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार: आवश्यक समन्वय गरिदिनु हुन ।
श्री चामे गाउँपालिकाको कार्यालय, मनाङ: प्रशिक्षण हल तथा व्यवस्थापकीय सहयोग गरिदिन हुन ।

जावलाखेल,ललितपुर,नेपाल +९७७ ०१ ५५२१०२१, ५५२२००४ फ्याक्स ++९७७ ०१ ५५२१५५२१ ldta.org.np@gmail.com
पोष्ट बक्स नं ११९८० Post box no.11980
Jawalakhel,Lalitpur,NEPAL + 977 (1) 5521021, 5522004 Fax +977 (1) 5521521 Web: www.ldta.gov.np

CamScanner